नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ८४

मिति:२०८२।०५।५

ने.सं. ११४५

श्री जिल्ला सदरमुकाम रहेका गाउँपालिका र नगरपालिका (७७),

बिषय:आवश्यक सहयोग र समन्वय गरिदिने सम्वन्धमा।

प्रस्तुत विषयमा लोकसेवा आयोगको प.सं.०८२/८३, च.नं. १३६, मिति २०८२/०५/०४ को पत्रमार्फत प्रदेश, स्थानीय तह र विश्वविद्यालयको समन्वय र सहकार्यमा सातै प्रदेशका सबै जिल्लाहरुको सदरमुकाममा रहेका गाउँपालिका नगरपालिकाबाट दश जोड दुई वा सो भन्दा माथि अध्ययनरत कम्तिमा दुई जना छात्रा सहित पाँच जना विद्यार्थी र एक जना स्थानीय तहका पदाधिकारी वा अधिकृत कर्मचारी गरी जम्मा ६ (छ) जना सहभागी हुने गरी लोक सेवा पहुँच (PSC Outreach) कार्यक्रम सञ्चालन गर्न लागेकोले यसैसाथ संलग्न स्थानीय तहहरुलाई कार्यक्रममा सहभागिताको लागि पत्राचार गर्न अनुरोध भई आएको हुँदा सो पत्रको छायाँ प्रति, सहभागी हुनुपर्ने गाउँपालिका/नगरपालिका, कार्यक्रमको मिति, समय र स्थान सम्वन्धी विस्तृत विवरण यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

नोट: उपरोक्त कार्यक्रममा सहभागी हुन आउनेहरुका लागि आउने जाने र बस्ने लगायत अन्य प्रवन्ध समबन्धित स्थानीय तहले नै गर्नुपर्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>वोधार्थ</u>

श्री लोक सेवा आयोग, कमलपोखरी, काठमाडौं ।

श्री सूचना प्रविधि शाखा; वेवसाइटमा अपलोड गरी सम्वन्धित जिल्ला सदरमुकाममा गाउँपालिका र नगरपालिकामा इमेल समेत गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

# लोक सेवा आयोग

लोक सेवा आयोग

पत्र संख्या प्र. ०८२/८३
चलानी संख्या १२६

कमलपोखरी, काठमाडौं
नेपाल ।

मिति: २०८२/०५/०४

प्रिय सहकारीज्यू,

**विषय : आवश्यक सहयोग र समन्वय गरिदिने बारे ।**

नेपालको संविधानले प्रदान गरेको संवैधानिक जिम्मेवारी अनुसार लोक सेवा आयोगले निजामती सेवा, सुरक्षा निकाय तथा संगठित संस्थाका विभिन्न पदमा योग्य जनशक्ति छनोटका लागि निष्पक्ष ढंगले प्रतिस्पर्धात्मक परीक्षाहरू सञ्चालन गर्दै आएको छ । यसका अतिरिक्त आयोगले न्याय सेवा आयोग, विश्वविद्यालयहरूको सेवा आयोगको अनुरोधमा लिखित परीक्षा सञ्चालन गर्दै आएको छ । आयोगको उद्देश्य जनशक्ति छनौट मात्र नभई राज्यका सम्पूर्ण भौगोलिक क्षेत्रका योग्य, सक्षम र सेवा गर्न इच्छुक नागरिकलाई सार्वजनिक सेवामा आकर्षित गर्दै समान अवसर उपलब्ध गराउनु पनि हो । अझै पनि ठूलो सङ्ख्यामा युवा विद्यार्थी तथा नागरिकले आयोगको निष्पक्ष परीक्षा प्रणाली, उम्मेदवार छनौट प्रक्रिया, तयारी विधि र पारदर्शी चयन पद्धतिबारे पर्याप्त जानकारी नपाएको अवस्था छ । यस तथ्यलाई मनन् गरी आयोगको दोस्रो रणनीतिक योजना (२०७९/८०-०८३/०८४) मा मुलुकको सवै भेगमा रहेका उर्जाशील, उच्च मनोबलयुक्त, सक्षम र योग्य उम्मेदवारहरूलाई लोक सेवा आयोगको परीक्षामा सहभागी हुन प्रोत्साहन गर्ने विषय उल्लेख भएको छ । आयोगले आर्थिक वर्ष २०८२।०८३ लाई स्थापनाको पचहत्तरौं वार्षिकोत्सवको अवसरमा वर्षभरि नै विभिन्न कार्यक्रम गरी हीरक जयन्ती वर्ष मनाउने निर्णय गरेको छ । यसै सन्दर्भमा आयोगले प्रदेश, स्थानीय तह, विश्वविद्यालयहरूको समन्वय र सहकार्यमा सातै प्रदेशका सवै जिल्लाहरूको सदरमुकाम रहेका स्थानीय तहबाट दश जोड दुई वा सो भन्दा माथि अध्ययनरत कम्तिमा दुई जना छात्रा सहित पाँच जना विद्यार्थी एवम् एक जना स्थानीय तहका पदाधिकारी वा अधिकृत कर्मचारी गरी जम्मा ६ (छ) जना सहभागी हुने गरी लोक सेवा पहुँच (PSC Outreach) कार्यक्रम सञ्चालन गर्न लागेकाले यसैसाथ संलग्न स्थानीय तहहरुलाई कार्यक्रममा सहभागिताका लागि पत्राचार गरिदिनुहुन अनुरोध गर्दछु । यस कार्यक्रममा सहभागीहरुलाई प्रमाणपत्र र हीरक जयन्ती वर्षको लोगो प्रदान गरी नवोदीत मीत्र (Emerging Friend) को रुपमा सञ्जालीकरण (Networking) गरिने छ । उपरोक्त कार्यक्रममा सहभागी हुन आउनेहरुका लागि, आउने जाने, बस्ने लगायत अन्य प्रबन्ध सम्बन्धित स्थानीय तहले नै गर्नुपर्ने ब्यहोरा समेत जानकारी गराइदिनुहुन अनुरोध गर्दछु । कार्यक्रमको स्थान, मिति र समय लगायतका जानकारी समेटिएको कार्यक्रमको रुपरेखा यसैसाथ संलग्न छ ।

श्री सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

२०८२।५।४

किरणराज शर्मा
सचिव

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौं

## लोक सेवा पहुँच (PSC Outreach) कार्यक्रमको रूपरेखा

### कार्यक्रमको परिचय

नेपालको संविधानले प्रदान गरेको संवैधानिक जिम्मेवारी अनुसार लोक सेवा आयोगले निजामती सेवा, सुरक्षा निकाय तथा संगठित संस्थाका विभिन्न पदमा योग्य जनशक्ति छनोटका लागि निष्पक्ष ढंगले प्रतिस्पर्धात्मक परीक्षाहरू सञ्चालन गर्दै आएको छ। यसका अतिरिक्त आयोगले न्याय सेवा आयोग, विश्वविद्यालयहरूको सेवा आयोगको अनुरोधमा लिखित परीक्षा सञ्चालन गर्दै आएको छ। आयोगको उद्देश्य जनशक्ति छनौट मात्र नभई राज्यका सम्पूर्ण भौगोलिक क्षेत्रका योग्य, सक्षम र सेवा गर्न इच्छुक नागरिकलाई सार्वजनिक सेवामा समान अवसर उपलब्ध गराउनु पनि हो। अझै पनि ठुलो संख्यामा युवा विद्यार्थी तथा सर्वसाधारण नागरिकले आयोगको निष्पक्ष परीक्षा प्रणाली, उम्मेदवार छनौट प्रक्रिया, तयारी विधि र पारदर्शी चयन पद्धतिबारे पर्याप्त जानकारी नपाएको अवस्था छ। यस तथ्यलाई मनन गरी आयोगको दोस्रो रणनीतिक योजना (२०७९/८०-०८३/०८४) मा मुलुकको सवै भेगमा रहेका उर्जाशील, उच्च मनोबलयुक्त, सक्षम र योग्य उम्मेदवारहरूलाई लोक सेवा आयोगको परीक्षामा सहभागी हुन प्रोत्साहन गर्ने विषय उल्लेख भएको छ। आयोगले आर्थिक वर्ष २०८२।०८३ लाई स्थापनाको पचहत्तरौं वार्षिकोत्सवको अवसरमा वर्षभरि नै विभिन्न कार्यक्रम गरी हीरक जयन्ती वर्ष मनाउने निर्णय गरेको छ। यहि पृष्ठभूमिमा आयोगले प्रदेश, स्थानीय तह, विश्वविधालयहरूको समन्वय र सहकार्यमा सातै प्रदेशका सवै जिल्लाहरूबाट सहभागी हुने गरी लोक सेवा पहुँच (PSC Outreach) कार्यक्रम सञ्चालन गर्न लागेको हो। यस कार्यक्रमका सहभागीहरुलाई प्रमाणपत्र र हीरक जयन्ती वर्षको लोगो प्रदान गरी नवोदित साथि (Emerging Friend) का रुपमा सञ्जालीकृत (Networking) गरिने छ। स्थानीय तह तथा विश्वविद्यालय तहसम्मै पुगेर युवा विद्यार्थीहरू तथा सरोकारवालालाई आयोगको कार्यप्रणाली र आधारभूत सिद्धान्तहरूको बारेमा अन्तरक्रिया छलफल समेत गरी प्रत्यक्ष रूपमा जानकारी गराइनेछ। यो कार्यक्रम पश्चात् आयोगकाबारे थप जनचेतना वृद्धि, सहभागिता विस्तार, र आयोगप्रतिको विश्वास थप मजबुत हुने अपेक्षा लिएको छ।

### कार्यक्रमको उद्देश्य

- लोक सेवा आयोगको ऐतिहासिक विकासक्रम, संवैधानिक एवं कानूनी व्यवस्था र आयोगको कार्यप्रक्रिया बारेमा जानकारी गराउने।
- युवा विद्यार्थीहरूमाझ लोक सेवा आयोगले लिने परीक्षामा आवेदन दिन उत्साह बढाउने एवं सार्वजनिक सेवाप्रति आकर्षण र विश्वास बढाई उत्कृष्ट कर्मचारीको छनौट र नियुक्ति सुनिश्चित गर्ने।
- प्रदेश र स्थानीय तहका नागरिक एवं विद्यालय/विश्वविद्यालयसम्म आयोगको योग्यता, निष्पक्षता र स्वच्छता जस्ता आधारभुत सिद्धान्तको प्रवर्द्धन गरी योग्यता प्रणालीको धरोहर वा अभिभावकको रुपमा प्रस्तुत गर्ने ।
- गुणस्तरीय जनशक्तिको छनौट मार्फत सार्वजनिक सेवा र सुशासन अभिवृद्धि गर्न सहयोग गर्ने।

### कार्यक्रम सञ्चालन हुने स्थान र सोको व्यवस्थापन

- कार्यक्रम सात प्रदेशमा सञ्चालन गरिनेछ।
- कार्यकमको तयारी, संयोजन तथा व्यवस्थापनमा सम्बन्धित प्रदेश स्थित लोक सेवा आयोगका कार्यालयहरूको सक्रिय र समन्वयकारी भुमिका रहनेछ।

### कार्यक्रममा सहभागीहरू

- कार्यक्रममा प्रदेशका प्रत्येक जिल्ला सदरमुकाम रहेका स्थानीय तहबाट दश जोड दुई वा सो भन्दा माथि अध्ययनरत कम्तिमा २ जना छात्रा सहित ५ जना विद्यार्थी र १ जना प्रमुख वा उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत वा एक जना अधिकृतस्तरको कर्मचारी गरी ६ जना
- सम्वन्धित प्रदेशका विश्वविद्यालयबाट रजिष्टार, एकजना अधिकृतस्तरको कर्मचारी र १० जना विद्यार्थीहरू

- प्रमुख सचिव, सम्बन्धित प्रदेश
- प्रदेश लोक सेवा आयोगका सचिव र एकजना अधिकृतस्तरको कर्मचारी गरी २ जना
- प्रदेशस्थित प्रहरी नायब महानिरीक्षक,
- कार्यक्रम हुने स्थानीय तहका प्रमुख वा उप प्रमुख,
- जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख,
- लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारी १० जना
- कार्यक्रम सञ्चालन हुने जिल्लाको पत्रकार महासंघको अध्यक्ष सहित १० जना सञ्चारकर्मीहरू

**कार्यक्रम हुने स्थान मिति र अनुमानित संख्या**

| Team | प्रदेश | स्थान | जिल्ला | सहभागी संख्या | मिति | सम्पर्क व्याक्ति र सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | विराटनगर | १४ | १३० | २०८२ भाद्र १६ | उ.स. उमेश कुमार पोखरेल, ९८५१०८९१७१ |
| | मधेश प्रदेश | जनकपुर | ८ | १०० | २०८२ भाद्र १८ | उ.स. विष्णुहरी बराल, ९८५११५५५२७ |
| | गण्डकी प्रदेश | पोखरा | ११ | ११० | २०८२ भाद्र २० | उ.स. दिपक खड्का, ९८४१८०३४९० |
| २ | लुम्बिनी प्रदेश | वुटवल | १२ | ११० | २०८२ भाद्र १६ | उ.स. चुरामणि मरासानी, ९८५१२७३४१५ |
| | कर्णाली प्रदेश | सुर्खेत | १० | १०० | २०८२ भाद्र १८ | उ.स. सन्तोष तिमल्सिना, ९८४१०८१२६५ |
| | सुदुर पश्चिम प्रदेश | धनगढी | ९ | १०० | २०८२ भाद्र २० | उ.स. रामदत्त भट्ट, ९८४१३६५६८८ |
| ३ | बागमती प्रदेश | हेटौडा | १३ | १३० | २०८२ भाद्र २७ | उ.स. कुल प्रसाद सापकोटा, ९८४१२२०६४७ |

**अपेक्षित उपलब्धि**

- लोक सेवा आयोगको ऐतिहासिक विकासक्रम, संवैधानिक एवं कानूनी व्यवस्था र आयोगको कार्यप्रक्रिया बारेमा जानकारी प्राप्त हुने ।
- युवा विद्यार्थीहरूमाझ सार्वजनिक सेवाप्रति आकर्षण र विश्वास बढ्ने ।
- प्रदेश र स्थानीय तहका नागरिक एवं विश्वविद्यालयसम्म आयोगको योग्यता, स्वच्छता र निष्पक्षता प्रवर्द्धन हुने ।
- गुणस्तरीय जनशक्तिको छनौट मार्फत सार्वजनिक सेवा र सुशासन अभिवृद्धि हुन सहयोग पुग्ने ।